नेपाल धितोपत्र बोर्डबाट अनुमतिपत्र प्राप्त

# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An Undertaking of Government of Nepal)

पत्र संख्या : ७६।७७
चलानी नं. : ८३०

श्री सिटिजन बैंक इन्टरनेसनल लिमिटेड
काठमाडौ, नेपाल ।

मिति: २०७७/०७/०४

**विषय: स्पष्टिकरण पेश सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा यस लिमिटेडमा सूचीकृत त्यस संगठित संस्थाले Ref CBIL/COMP/०७७/०७८-१४८ मार्फत मिति २०७७/०७/०३ को पत्रबाट आ.व. २०७६/७७ को वितरण योग्य मुनाफाबाट २०७७ आषाढ मसान्तको चुक्ता पुँजी रु ९,०८९,८१७,२९० को ७.७० प्रतिशतले हुने रु ६९९,९१५,९३१.३१ बोनस शेयर र ३.३० प्रतिशतले हुने रु. २९९,९६३,९७०.५६ नगद लाभांश दिने प्रस्ताव गरिएको व्यहोरा यस लि.मा कारोबार समय चलिरहेको अवधिमा प्राप्त भएको । धितोपत्र सूचीकरण विनियमावली, २०७५ को विनियम २२(१)(घ) मा धितोपत्र मुल्यमा प्रभाव पार्ने सूचना, जानकारी तथा निर्णय सृजना भएमा सोही दिन वा भोलि पल्ट कारोबार **खुल्न अघि** त्यस्तो सूचना, जानकारी तथा निर्णय सम्वन्धित सूचीकृत संगठित संस्थाको वेबसाईट मार्फत समेत सार्वजनिक गर्नुपर्ने भन्ने व्यवस्था रहेको तथा सोही विनियमावलीको विनियम २२ (१)(ङ) मा नगद लाभांश, बोनस शेयर, हकप्रद शेयर वा थप शेयर निष्काशन सम्बन्धी निर्णय भएमा सो निर्णय हुने वित्तिकै संचालक समितिको बैठक बसेको समय समेत उल्लेख गरी उपलब्ध गराउनु पर्ने भन्ने व्यवस्था रहेकोमा उक्त सूचीकृत कम्पनीले कारोबार समयमा मूल्यमा प्रभाव पार्ने सूचना तथा जानकारी सृजना गरी जानकारीमा ल्याएको र उक्त सूचना तथा जानकारीमा संचालक समितिको बैठक बसेको समय समेत उल्लेख नगरी यस लि.मा पठाएकोले यस सम्बन्धमा त्यस संस्थाको भनाई के छ ? यस पत्र (इमेल मार्फत) प्राप्त मितिले ३ (तीन) कार्य दिन भित्र यस लि. जवाफ पठाउन हुन निर्णयानुसार अनुरोध छ ।

भवदीय,

(सुबोध ढुंगेल)
का.मु. सहायक प्रबन्धक
सूचीकरण शाखा

**बोधार्थ:**
श्रीमान प्रमुख कार्यकारी अधिकृतज्यू
सचिवालय, नेप्से ।

श्री नेपाल धितोपत्र बोर्ड, जावलाखेल ।

**पो. ब. नं. १५५०, युएनआई शान्तिमार्ग, भद्रकाली, काठमाण्डौ, नेपाल ।**
**P. O. Box 1550, UNI Shantimarg, Bhadrakali, Kathmandu, Nepal.**
**Tel.: 4250755–59, 4250734–35 Fax: 4262538**
**email : info@nepalstock.com**